

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ३० गते बुधबार ❑ 14 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'गण्डकी प्रदेश सरकारको प्राथमिकता पर्यटन'

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटन सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशको २९औँ साधारणसभा एवम् १३औँ अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उहाँले पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको समन्वयमा यस क्षेत्रमा देखिएका कानुनी समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। पर्यटनको राजधानी घोषणाले पोखराको पर्यटनको 'ब्रान्डिङ' हुँदा यसका माध्यमबाट समग्र गण्डकी प्रदेशको विकासमा योगदान पुग्ने उहाँले उल्लेख गर्नुभयो। गण्डकी प्रदेशमा खेल पर्यटनसँगै धार्मिक पर्यटनमा जोड दिइएको उहाँले बताउनुभयो । सरकारले मनाङ र मुस्ताङमा हाई




अल्टिच्युड खेलमैदान निर्माण गर्न लागेको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो । पोखराको पर्यटन प्रवर्द्धन गर्न चाँडै सातवटै प्रदेशका पर्यटनमन्त्री तथा सङ्घीय पर्यटनमन्त्रीसहित सम्मेलनको तयारीमा सरकार रहेको उहाँको भनाइ थियो । प्रदेशसभा सदस्य प्रकाश बरालले पर्यटनलाई उद्योगका रूपमा विकास गर्नु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नाट्टा गण्डकीको अध्यक्षमा दाहाल

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

नाट्टा गण्डकी प्रदेश को मंगलबार सम्पन्न १३ औं अधिबेशनबाट किशोर दाहालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । त्यसै गरी संस्थाको प्रथम उपाध्यक्षमा संगीता पौडेल, द्धितिय उपाध्यक्षमा राजेश पहारी, महासचिवमा चेतन कार्की, सचीवमा नबराज भण्डारी, कोषाध्यक्षमा सुबाश पहारी, सह कोषाध्यक्ष सन्दिप श्रेष्ठ सदस्यहरुमा बिजय पौडेल, तुल गुरुङ, प्रतिक लामिछाने र छबि पौडेल रहनु भएको छ।

उक्त अधिवेसनको उद्धाटन गर्दै गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा र पोखरा आसपास क्षेत्रको आर्थिक बिकास पर्यटन भएकोले यहाँका पर्यटकका हरेक गतिविधिहरु गुणस्तरियका बनाउन सबै लाग्नुपर्नेमा जोड दिनु भयो। हरिराम अधिकारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## स्याङ्जाको बिरुवा गाउँपालिकाका अध्यक्ष बिरुद्ध पक्राउ पुर्जी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ साउन

स्याङ्जाको बिरुवा गाउँपालिकाका अध्यक्ष सूर्य बहादुर कुँवरलाई पक्राउ पुर्जी जारी भएको छ । सहकारीको रकम अपचलन गरेको अभियोग लागेपछि अनुसन्धानका लागि कुँवर सहित तीन जना बिरुद्ध पक्राउ पुर्जी जारी भएको हो।

जिल्ला सदरमुकाममा रहेको सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. को बिरुवा सेवा केन्द्रबाट रकम अपचलन गरेको आरोपमा उनीहरुलाई पक्राउ पुर्जी जारी भएको छ । रकम अपचलन भएको घटना बाहिरीएपछि सहकारीको आन्तरिक अनुसन्धानमा ३ करोड ६६ लाख रुपैयाँ अपचलन भएको भेटिएको श्रोतले दाबी छ । पक्राउ पुर्जी जारी हुनेमा कुँवर सहित सहकारीका बिरुवा सेवा केन्द्रका तत्कालिन सचिव हालका अध्यक्ष तारेन्द्र बहादुर के.सी. र मुक्तिनाथ विकास बैंक बिरुवा शाखाका कस्टमर सर्भिस बिभागमा कार्यरत कर्मचारी सन्ध्या भण्डारी रहेका छन्।

प्रहरी अनुसन्धानमा सहकारीको बिरुवा सेवा केन्द्र प्रमुख जीवन वाग्लेले २०७४ देखि सहकारीमा भएको रकम अपचलन घटनामा गाउँपालिकाका अध्यक्ष कुँवर सहितका व्यक्ति संलग्न रहेको बताएपछि उनीहरुलाई पक्राउ पुर्जी जारी भएको प्रहरी श्रोतले जनाएको छ।

गाउँपालिकाका अध्यक्ष कुँवरले २०७४ को स्थानीय निर्वाचनका समयमा कागजात बिना रकम लगेर अपचलन गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । स्थानीय सर्वसाधारणबाट सहकारीमा संकलित मोटो रकम अपचलन भएपछि सूर्योदय सहकारीकै प्रबन्धक ध्रुब नारायण श्रेष्ठ समेतको जाहेरीमा उनीहरुलाई पक्राउ पुर्जी जारी भएको प्रहरीको भनाई छ।

पार्टीका नेताले पैसा लग्ने, सेवा केन्द्र प्रमुख जीवन वाग्लेले बैकिङ् स्टेटमेन्ट ईडिटिङ् गरेर मिलाउने र मुक्तिनाथ बैंकको कर्मचारी भण्डारी मार्फत स्टेटमेन्ट प्रमाणित गर्ने गरेको खुलेको छ। आमसर्वसाधरणको रकम अपचलन गर्नेलाई कडा कारबाही गर्न सहकारीका बचतकर्ताले आग्रह गरेका छन्।

पालिकाका अध्यक्ष कुँवर र सहकारी सेवा केन्द्रका अध्यक्ष के.सी. का नातेदार हुन् भने सेवा केन्द्र प्रमुख एमालेकै कार्यकर्ता हुन् । २०७४ को स्थानीय निर्वाचन कुँवर एमाले पार्टीबाट गाउँपालिकाको अध्यक्ष बनेका हुन्। लामो समय शिक्षण पेशामा आबद्ध भएका अध्यक्ष कुँवर शिक्षण पेशा छाडेर राजनीतिमा आएका थिए।

## नेपालमा समाज बिथोल्ने खालका कुनै पनि आन्दोलन सम्भव छैन: प्रधानमन्त्री

**रासस**
काठमाडौं, २९ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा समाज बिथोल्ने खालका कुनै पनि आन्दोलन सम्भव नरहेको बताउनुभएको छ।

मंगलबार महान्ययाधिवक्ताको कार्यालय अवालोकनपछि उहाँले सरकारबाट देशद्रोही, जनविरोधी र अलोकतान्त्रिक कुनै काम नहुने भएकाले त्यसप्रकारको आन्दोलन सम्भव नभएको बताउनुभयो । सरकारी वकिलहरुलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले वर्तमान सरकार सुशासन कायम गर्दै समृद्धि हासिल गर्ने बाटोमा अग्रसर भएको उल्लेख गर्नुभयो। "नेपाली समाज कानुनअनुसार चल्छ । यहाँ सामाजिक विशृङ्खलताका कुनै आन्दोलनको गुञ्जायस छैन", उहाँल भन्नुभयो, "कसैले रिस शान्त पार्नका लागि सामाजिक सञ्जालमा गाली गर्न सक्छ तर त्योभन्दा बढी केही हुँदैन।" प्रधानमन्त्रीले संविधानमा न्यायसम्बन्धी उल्लेखनीय व्यवस्था गरेको बताउनुभयो।

आफू फोटो टाँस्न मात्रै प्रधानमन्त्री नभएको उल्लेख गर्दै उहाँले यस कार्यकालमा पनि विगतमा झैँ समाजका हरेक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने गरी गर्ने प्रतिबद्धता जनाउनुभयो । न्याय क्षेत्रको प्रभावकारी विकासका लागि राज्यको स्रोत साधनले भ्याएसम्म पूर्वाधार विकासलाई निरन्तरता दिइने उहाँको भनाइ थियो।

प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई टुङ्गोमा पुर्‍याउनका लागि भएको राजनीतिक सहमति शान्ति प्रक्रियाको अन्तिम किस्ता भएको बताउनुभयो । यसबारे राष्ट्रसङ्घका नेपालस्थित प्रतिनिधि र विभिन्न राजदूतहरुको चासो रहेको उल्लेख गर्दै उहाँले पीडितकेन्द्रित विषयलाई ध्यानमा राखेर ती कानुन संसदको यही अधिवेशनबाट पारित हुने बताउनुभयो। आफूहरुले शान्ति प्रक्रियाका धेरै कुरामा विदेशीको नक्कल नगरेको र विगतमा आफू प्रधानमन्त्री हुँदा वार्ताका माध्यमबाट विप्लव र सिके राउत समूहलाई मूल प्रवाहमा ल्याएको उहाँले स्मरण गर्नुभयो।

प्रधानमन्त्री ओलीले सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै कर्मचारीको तलव समायोजनका विषयमा छलफल भइरहेको पनि जानकारी दिनुभयो।

कार्यक्रममा महान्यायाधिवक्ता रमेश बडालले मुद्धाको छिटो र प्रभावकारी अनुसन्धानका लागि विधि विज्ञान प्रयोगशाला आफूहरुसँग हुनुपर्ने र लयर्स एकेडेमी स्थापनालगायतका कानुन छिटो पारित आवश्यक रहेको सुझाव प्रधानमन्त्रीलाई दिनुभएको थियो।

## दमौली अस्पताललाई एक करोड बराबरका उपकरण प्रदान

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ साउन

स्वास्थ्य सेवा विभागले सदरमुकामस्थित दमौली अस्पताललाई रु.एक करोड मूल्य बराबरका चारवटा प्रयोगशालायन्त्र प्रदान गरेको छ । विभागले हेमाटोलोजीएनालाइजर,अटोमेटेडयुरिन एनालाइजर,फुल्ली अटोमेटिक इलेक्टोल्याट एनालाइजर र फुल्ली अटोमेटेड बाइक्यामेस्ट्री एनालाइजर प्रदान गरेको हो।

पूर्वमन्त्री शङ्कर भण्डारीले अस्पताल विकास समितिका अध्यक्ष शान्तिरमण वाग्लेलाई ती उपकरण हस्तान्तरण गर्नुभएको हो । बिरामीले 'ल्याब रिपोर्ट' पाउने छन् । यसअघि त्यस्ता विवरण प्राप्त गर्न पाँच घण्टाभन्दा बढी समय लाग्दैआएको थियो । उपकण हस्तान्तरण गर्न आयोजित कार्यक्रममा राष्ट्रियसभा सदस्य पदम परियार,प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रहरी प्रमुख वीरेन्द्रबहादुर शाही, तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष वैकुण्ठ मिश्र लगायत सहभागी हुनुहुन्थ्यो।

यसैबीच, प्रतिनिधिसभा सदस्यसमेत रहनु भएका भण्डारीले अस्पतालको स्तरोन्नतिका निम्ति सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## २५ मेगावाटको सेती जलविद्युत् आयोजना सम्पन्न : परीक्षण उत्पादन सुरु हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पच्चीस २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ। कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलामा आयोजनाको निर्माण सकिएर परीक्षण सुरु भएको हो।

आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा ट्रान्समिसन लाइन निर्माणको सम्पूर्ण निर्माण सकिएर अहिले यान्त्रिक परीक्षणको काम भइरहेको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडले जनाएको छ।

"आयोजनाको निर्माणतर्फका सबै काम सकिएको छ । यही साउन ३० गते पेनस्टक पाइपमा पानी हाल्छौँ । त्यसपछि वेटटेष्ट (पानी भरेर परीक्षण तथा टर्वाइन घुमाउने)को काम सुरु हुन्छ", प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा



कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले भन्नुभयो। 'वेट टेष्ट'को काम सकिएको दुई साताभित्रमा परीक्षण उत्पादन सुरु हुने कम्पनीले जनाएको छ । त्यसपछि आयोजनाको व्यावसायिक उत्पादन हुनेछ । सार्दिखोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी सेतीको पानी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत ल्याएर एक सय ८७ मिटर उचाइबाट चिन्तेबगरमा रहेको पावरहाउसमा खसालेर विद्युत् उत्पादन गरिने छ। पाइपमार्फत लगिएको पानी पावरहाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुईवटा टर्वाइनमा खसालिने छ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ। कम्पनीका अध्यक्ष पोखरेलले आयोजना सम्पन्न गर्नका लागि स्थानीयवासी तथा स्थानीय सरकारलगायतबाट सहयोग मिलेको बताउनुभयो । उहाँले स्थानीयवासीको सानासाना लगानीले आयोजना निर्माण भएको बताउनुभयो । उहाँले भन्नुभयो, "जलविद्युतमा २५ मेगावाट सानो परियोजना होइन। धेरै मानिस जोडिनुभएको छ । एक हजार पाँच सय जना प्रवर्द्धकको लगानी छ। पारदर्शी रूपमा समयमै आयोजना पूरा गर्न अहोरात्र खटिएका थियौँ, उत्पादन सुरु भएसँगै अब छिट्टै सफलता मिल्दैछ।" सेती नदी जलविद्युत् आयोजनामा रु पाँच अर्ब बढी लगानी भएको छ । यसमा तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् । अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर पूरा गरिएको आयोजनाका निर्देशक बमबहादुर गुरुङले बताउनुभयो । सेती नदी जलविद्युत आयोजना विसं २०७७ को अन्तिमदेखि काम सुरु भएको हो । कोरोना महामारीका कारण आयोजनाको काममा केही बाधा पुगे पनि सबैको सहयोगले सफलता मिलेको निर्देशक गुरुङले बताउनुभयो।

# कक्षा १२ उत्त्तीण विद्यार्थीहरुलाई भद्रकाली क्याम्पसमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली मावि र भद्रकाली बहुमुखी क्याम्पसको संयुक्त आयोजनामा कक्षा १२ उत्तीण विद्यार्थीहरुलाई मंगलवार सम्मान गरिएको छ।

भद्रकाली माविवाट कक्षा १२ उर्त्तिण विद्यार्थीहरुलाई स्नात्तक तह अध्ययनका लागि भद्रकाली क्याम्पसमा सम्मान गरिएको हो । वि.स. २०६६ सालदेखी क्याम्पसमा बिए र बिबिएसको पढाइ भइरहेको छ।

भद्रकाली बहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष माधवप्रसाद सिग्देलले १२ उर्त्तिण विद्यार्थीहरुलाई उज्जवल भविष्यको शुभकामना दिनुभयो । क्याम्पसमा विद्यार्थीहरुले कसरी ज्ञान बढाउने भन्ने सोचमा ध्यान केन्द्रित गरी अध्ययन गर्न अनुरोध गर्नुभयो । भद्रकाली माविका प्रधानाध्यापक यदुराज पगेनीले शिक्षा भनेको मानिसलाई बाटो देखाउने एउटा मार्ग भएको भन्नुभयो। शिक्षा बिना मानिसको जीवन पूर्ण हुन नसक्ने भएकोले जीवनयापन गर्नका लागि तयार पार्ने प्रमुख माध्यम नै शिक्षा भएकोले विद्यार्थीलाई ध्यान दिएर अध्ययन गर्न प्रधानाध्यापक पगेनीले अनुरोध गर्नुभयो।



भद्रकाली माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोक वहादुर कार्कीले विद्यार्थीसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षक, विद्यार्थी, अभिभावक तथा व्यवस्थापन लगायतका पदाधिकारी बिच सुमधुर सम्बन्ध, सहकार्य र सहयोग गर्ने उत्साहजनक वातावरण बनाएमा क्याम्पसमा शैक्षिकमैत्री वातावरण हुने धारणा राख्नु भयो। भद्रकाली बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख नारायण प्रसाद सापकोटाले शिक्षा मानिसको जीवनको सवैभन्दा महत्वपूर्ण विषय भएकोले शिक्षाले मानिसको भविष्य उज्जवल बनाउने भन्नु भयो । मानिसले जन्मदेखी उसको मृत्युसम्म ज्ञान आर्जन गर्ने कोसीस गरिराखेको हुनाले राम्रो ज्ञान आर्जन गर्ने स्थान भद्रकाली क्याम्पस रहेको भन्नु भयो । क्याम्पसमा बिए र बिबिएसको पढाई सकेर राम्रो स्थानमा जागिर खाइ विद्यार्थीले सजिलो जीवन यापन गरिरहेका उदाहरण सापकोटाले दिनु भयो । सम्मान कार्यक्रममा सहभागी विद्यार्थीहरुको तर्फवाट राजन रानाभाट र अर्पणा गुरुङले जीवनमा अगाडि बढ्नको लागि स्नातक तह अनिवार्य अध्ययन गर्नु पर्नेमा जोड दिनुभयो।

भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख नवराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा परीक्षा तथा अतिरिक्त क्रियाकलाप सह संयोजक नरेन्द्रबावु घिमिरेले स्वागत र परीक्षा तथा अतिरिक्त क्रियाकलाप संयोजक बुद्धिसागर सापकोटाले संचालन गुर्न भएको थियो।

# नवदुर्गा युवा क्लवका १४ औ साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित नवदुर्गा युवा क्लबको १४ औं साधारण सभा मंगलवार सम्पन्न भयो।

वडा नं १३ का वडा सदस्य बल बहादुर बराललले सभाको उद्घाटन गर्दै वडा सदैव क्लवको अभिभावकको रुपमा रहने भन्नु भयो । क्लवले समाजमा सकारात्मक कार्य गर्दै आएकोमा प्रशंसा गर्नु भयो। क्लवका अध्यक्ष मनोज बराललले क्लबले गर्ने भाबी योजना र कार्यविधी बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा रतनपाण्डे माविवाट २०८० को एसईई मा ३.७३ जिपिए प्राप्त गर्ने छात्र अभिषेक बराललाई सम्मान गरियो । आर्थिक बर्षको लेखापरीक्षण प्रतिबेदन कोषाअध्यक्ष अमृत कार्कीले प्रस्तुत गर्नु भएको थियो। क्लवमा खाली रहेको उपाध्यक्ष र सदस्य पदमा क्रमश रजनी बराल र संजय धितालालाई नियुक्त गरिएको छ । कार्यक्रममा समाजसेवी द्धय सुर्य प्रसाद बराल र कृष्ण बहादुर बराललले क्लबका कार्यहरुको प्रशंसा गर्नु भएको कार्यक्रममा क्लबका सचीव सुदर्शन बराललले संचालन गर्नुभएको थियो।




# पहिरोमा परी ज्यान गुमाएकाका ११ परिवारलाई राहत

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

गत साता बागलुङको बडिगाड गाउँपालिका-९ र १० मा पहिरोमा परी ज्यान गुमाएका परिवारलाई जिल्ला प्रशासन कार्यालयले राहत उपलब्ध गराएको छ।

प्रदेश र सङ्घीय सरकारले बनाएको कार्यविधिअनुसार ज्यान गुमाएका परिवारलाई रु दुई लाख उपलब्ध गराएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराललले जानकारी दिनुभयो । ज्यान गुमाएका ११ जनाको परिवारलाई प्रशासनले घटनास्थलमा नै पुगेर उपलब्ध गराएको उहाँको भनाइ छ। बराललले सरकारले प्राकृतिक विपद्मा परी ज्यान गुमाएका परिवारलाई राहत रकम उपलब्ध गराउने नीति बनाएको र सोही प्रदान गरेको बताउनुभयो।

बडिगाड-१० आरुपाटाका जोगबहादुर बुढाको घरमाथिबाट खसेको पहिरोले नौजनाको ज्यान लिएको थियो। एक बालक अझै बेपत्ता छन्। पहिरोमा पुरिएर १० जना घाइते भएका थिए।

गम्भीर घाइते १९ वर्षीया रीमा पुन, ३१ वर्षीया सीता थापा र ४६ वर्षीया सङ्गीता बुढाको काठमाडौँस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ। सोही दिन वडा नं ९ नयाँबस्तीमा पहिरोमा दुईजनाको ज्यान गएको थियो।

# गण्डकी प्रदेशमा ९७.५० प्रतिशत धान रोपाई सम्पन्न, कुन जिल्लामा कति प्रतिशत !

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

यस बर्ष लगातार जसो बर्षा हुँदा कास्की सहित गण्डकी प्रदेशका अन्य जिल्लामा ९७.५० प्रतिशत धान रोपाई सम्पन्न भएको छ।

यही साउन २७ गतेको तथ्याङ्को आधारमा गण्डकी प्रदेशमा ९७.५० प्रतिशतले ९३ हजार ६ सय ५१ हेक्टर क्षेत्रफलमा धान रोपाई सम्पन्न भएको गण्डकी प्रदेशको कृषि बिकास निर्देशनालयले जनाएको छ। यस बर्ष गण्डकी प्रदेशका दुई जिल्ला लमजुङ र म्याग्दीमा शतप्रतिशत धान रोपाई भएको गण्डकी प्रदेशको कृषि बिकास निर्देशनालयका कृषि प्रसार अधिकृत एवं सूचना अधिकारी विनोद शर्माले बताउनु भयो। गण्डकी प्रदेशमा ४ लाख ७९ हजार ६ सय १७ हेक्टर क्षेत्रमा खेतियोग्य जमिन रहेकोमा बर्षे धान रोप्न योग्य क्षेत्रफल भने ९६ हजार ५३ हेक्टर मात्र जमिन रहेको उहाँले जनाउनु भयो।

गण्डकी प्रदेशका ११ जिल्ला मध्य हिमालपारीका दुई जिल्ला मनाङ र मुस्ताङमा धान खेति खासै हुने गरेको छैन्। प्रदेशका ९ जिल्ला मध्य हालसम्म दुई जिल्ला लमजुङ र म्याग्दीमा शतप्रतिशत धान रोपाई भएको छ भने नवलपरासि र गोर्खामा ९४ प्रतिशत मात्र धान रोपाई भएको उहाँले जनाउनु भयो।

गोर्खामा १० हजार १ सय ४० हेक्टर क्षेत्रफलमा धान रोपाई हुदै आएको छ भने हालसम्म ९४.३० प्रतिशत धान रोपाई भएको कार्यालयले जनाएको छ। लमजुङमा ११ हजार ८ सय ७५ हेक्टरमा र म्याग्दीमा पनि शतप्रति धान रोपाई हुँदा ३ हजार ७ सय ४१ हेक्टर क्षत्रफलमा धान रोपाई भएको छ। त्यस्तै तनहुँमा ९९.०० प्रतिशतले ७ हजार ५ सय ९७ हेक्टर क्षेत्रफलमा धान रोपाई भएको छ भने कास्कीमा ९८.९६ प्रतिशतले १६ हजार ५० हेक्टर क्षेत्रफलमा धान रोपाई भएको कार्यालयका कृषि अधिकृत रन्जना पोखरेलले बताउनु भयो। पर्वतमा ९९.०० प्रतिशतले ७ हजार ४ सय ५०, स्याङजामा पनि ९९.०० प्रतिशतले १४ हजार २ सय ४६ र बागलुङमा ९७ प्रतिशतले ५ हजार ५ सय ३६ हेक्टर क्षत्रफलमा धान रोपाई भएको उहाँले जनाउनु भयो।

कास्कीमा प्रायः गरी जेठोबुढो, पहेले, एक्ले, खुमल ४, १०, गौरिया, बयर्नी, सेतो र लामो भिनुवा, मार्सी, बिरिमफुल, कालो र टुंडे भिनुवा, वर्णशंकर-यू एस ३१२ लगायतका जातका धान खेति हुदै आएको छ।

# सरकारले युवा पलायन रोक्न आकर्षक र रोजगारमूलक कार्यक्रम ल्याउनुपर्छ : नेता डा. कोइराला

**काठमाडौं**
काठमाडौं, २९ साउन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले युवा पलायन रोक्न सरकारले आकर्षक र रोजगारमूलक कार्यक्रम ल्याउन जरूरी रहेको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा फोर एच नेपालले आज आयोजना गरेको 'अन्तरपुस्ता संवाद' कार्यक्रममा उहाँले पढे लेखेका र बाध्यताले रोजगारीका लागि खाडी मुलुक जाने युवालाई रोक्न स्वदेशमै रोजगारीको अवसर सिर्जना गरिनुपर्नेमा जोड दिनुभयो । "युवालाई नेपालमै कसरी आकर्षित बनाउने भन्नेबारे सरकारले आवश्यक कार्ययोजना बनाउन जरूरी छ", नेता कोइरालाले भन्नुभयो, "नेपालमा केही हुँदैन भन्ने भाष्यलाई चिर्नुपर्छ । युवा पलायन रोक्न राज्यले उनीहरूलाई कसरी ' इन्गेज' गराउने हो त्यसतर्फ ध्यान दिइनुपर्छ । स्वदेशमै अवसरको खोजी गर्ने जिम्मेवारी अभिभावको पनि हो ।" प्रतिनिधिसभा सदस्य डा कोइरालाले व्यावहारिक र वैज्ञानिक शिक्षा पद्धतिको अवलम्बन गर्दै स्वरोजगार र उद्यमशीलताको विकासका लागि युवालाई प्रोत्साहित गरिनुपर्ने खाँचो औँल्याउनुभयो । देशको भविष्य निर्धारण गर्ने जिम्मेवारी युवाको काँधमा रहेकाले युवाले पनि उद्यमशील मानसिकतासहित स्वदेशमै केही गर्ने सोच निर्माण गर्नुपर्ने उहाँको भनाइ थियो। नेता डा कोइरालालेढिलासुस्ती,अनियमितता र भ्रष्टाचारसँग जोडिएर आएका प्रश्नलाई सरकार र राजनीतिक दलले गम्भीरताका साथ लिनुपर्ने बताउनुभयो । वर्तमान सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण र युवालाई रोजगारी सिर्जनाका लागि सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की नेतृ रामकुमारी झाक्रीले युवापलायन रोक्न युवा उद्यमशीलता विकास, स्वरोजगारीमा प्रेरित गर्नुपर्ने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो।

## गण्डकी....

जरुरी भएको धारणा राख्नुभयो। नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले स्वदेश र विदेशमा पोखरासहित समग्र देशको पर्यटन प्रवर्द्धन गर्न नाट्टा सक्रिय रहेको जानकारी दिनुभयो । नाट्टाका केन्द्रीय अध्यक्ष कुमारमणि थपलियाले नेपालको पर्यटनमा गण्डकी प्रदेशको योगदान महत्वपूर्ण रहेको बताउनुभयो।

पर्यटकको बसाई लम्ब्याउने किसिमका पूर्वाधारसँगै गतिवधि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले नेपालको समृद्धि पर्यटनबाट सम्भव हुने बताउनुभयो । अधिवेशनमा सहभागी नाट्टाका सातै प्रदेशका अध्यक्षहरूले सरकारको पर्यटनमैत्री नीति राज्यको प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो।


**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

**सुर्तीजन्य पदार्थको सेवनले:**
- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

